# विश्वामित्र मेनका खण्डकाव्यमा द्वन्द्वविधान

सुभाषचन्द्र न्यौपाने

उपप्राध्यापक

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल

Email: subashneupane953@gmail.com

DOI: https://doi.org/10.3126/dristikon.v10i1.34597

## लेखसार

प्रस्तुत अध्ययनमा कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यमा प्रयुक्त द्वन्द्वको विश्लेषण गरिएको छ । वि.सं. २०६६ सालमा प्रकाशित पौराणिक विषयवस्तुमा आधारित *विश्वामित्र-मेनका* द्वन्द्वविधानका दृष्टिले महत्त्वपूर्ण काव्य मानिन्छ । प्रस्तुत खण्डकाव्यमा मानवीय चित्तवृत्तिमा रहेका दुई मूल प्रवृत्ति योग र भोगका बीच द्वन्द्व सिर्जना भएको छ र त्यही द्वन्द्वकै कारण काव्य आस्वादनीय र कलात्मक बन्न पुगेको छ । जीवनको अभिन्न अङ्ग बनेको भोग र जीवनबाट पलायन भई ईश्वरीय आध्यात्मिक चिन्तनमा लाग्ने योगका बीचमा सशक्त द्वन्द्व गराई यी दुवै जीवनमा अभिन्न अङ्ग भएकाले यी दुई मध्ये कुनै पनि एकको त्यागले जीवन पूर्ण बन्न सक्दैन । जीवनको पूर्णताका लागि र यस संसारको निरन्तरताका लागि योग र भोग दुवैलाई एकसाथ लिएर हिँडेमा मात्र जीवन सार्थक हुन्छ र यसले परिपूर्णता प्राप्त गर्छ भन्ने कुरा प्रस्तुत खण्डकाव्यले अभिव्यक्त गरेको छ । यही द्वन्द्वमा रुमल्लिएका पात्रहरूको मनोदशा के कस्तो छ, उनीहरू आन्तरिक र बाह्य द्वन्द्वका रूपमा कसरी तनाबयुक्त बन्न पुगेका छन् भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ । प्रस्तुत अध्ययनमा कवि कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यलाई प्राथमिक सामग्रीका रूपमा र यस खण्डकाव्यका सन्दर्भमा आएका टीकाटिप्पणी,लेख, भूमिका आदिलाई द्वितीयक सामग्रीका रूपमा ग्रहण गरिएको छ । सामग्री विश्लेषणका क्रममा पात्रहरूमा रहेको द्वन्द्वात्मक स्थिति र त्यसका माध्यमबाट कविले प्रस्तुत गरेको दर्शन वा उद्‌देश्यलाई वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी अर्थापन विधिद्वारा यस खण्डकाव्यमा प्रयुक्त सारको निरूपण गरिएको छ ।

*शब्दकुञ्जी :* योग, भोग, चित्तवृत्ति, मनोविकार, संयम, शृङ्गार, शान्त, कामवासना

## विषय परिचय

*विश्वामित्र-मेनका* खण्डकाव्यमा द्वन्द्वविधान नै प्रस्तुत लेखको मूल विषय हो । कवि घनश्याम कँडेलले नेपाली साहित्यमा फुटकर कविता, गीतिनाटक, खण्डकाव्य र समालोचना क्षेत्रमा कलम चलाएका छन् । यी विविध विधामा छरिएको कँडेलको साहित्यिक व्यक्तित्वको मेरुदण्ड चाहिँ कविताकाव्य नै हो । हालसम्म कँडेलका *जीवनका सन्दर्भहरू* (२०५१) कविता सङ्ग्रह, *उज्योलोतिर* (२०५५) गीतिकाव्य, *वनको क्रन्दन* (२०५५) शोककाव्य, *आँसुको अक्षर* (२०६०) शोककाव्य, *देवयानी* (२०३९), *विश्वामित्र-मेनका* (२०६०) र *धृतराष्ट्र* (२०७३) खण्डकाव्य, *केही अन्वेषण केही विश्लेषण* (२०४०) तथा *यथार्थवादी नाटक* (२०४६) जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित भइसकेका छन् भने उनले *नेपाली समालोचना* (२०५५) नामक समालोचनात्मक कृतिको पनि सम्पादन गरिसकेका छन् । उनले लामो समयदेखि *रश्मि* नामक पत्रिकाको समेत सम्पादन गर्दै आएका छन् ।

घनश्याम कँडेलको कवित्व परिष्कारवाद र स्वच्छन्दतावादको उचित सन्तुलन र संयोजनमा अघि बढेको पाइन्छ । प्रगतिवादी क्रान्तिकारी चेतना, अध्यात्मप्रतिको आस्था, विश्वब्रह्माण्डप्रतिको रहस्यात्मक दृष्टि, बिम्ब तथा अलङ्कारको सहज स्वाभाविक प्रयोग, अनुष्टुप छन्दको भावानुसारी नर्तन, परिष्कारपूर्ण भाषाशैली, कला र भावको

सन्तुलन आदि घनश्याम कँडेलका कवितामा पाइने काव्यात्मक विशेषता हुन् (न्यौपाने, २०६०, पृ.३०)। कविताकाव्यलाई सौन्दर्यपूर्ण तथा आस्वाद्य तुल्याउने अनेक कारण तत्त्वमध्ये द्वन्द्वविधान पनि एक हो। द्वन्द्वले कविताकाव्यमा रहेको भावलाई सौन्दर्यपूर्ण बनाई पठनयोग्य र सुस्वाद्य बनाउँछ। खण्डकाव्यकार कँडेलको *विश्वामित्र-मेनका* पौराणिक विषयवस्तुलाई आधार मानेर लेखिएको एक महत्त्वपूर्ण खण्डकाव्य हो। यस खण्डकाव्यमा विश्वामित्र र मेनका यी दुई पात्रका बीचको द्वन्द्वका माध्यमबाट सौन्दर्यको बोध, रसात्मकता, प्रकृतिप्रेम, स्वर्गको निन्दा नगरिकन नै पृथ्वीको अदुभुत आकर्षण, वनस्पति, हरियाली पशुजीवनको गरिमा र विशिष्टता बारे व्यक्त गरिएको लेखकीय अनुभूतिले पाठकलाई मोहका अवस्थामा पुऱ्याउँछ। यस खण्काव्यमा कवि कँडेलको काव्यात्मक सीप द्वन्द्वकै माध्यमबाट अत्यन्त आकर्षक र मनमोहक बन्न पुगेकोछ। त्यसमाथि शास्त्रीय वर्णमात्रिक छन्दमाथि उनको कुशल पहुँच यस खण्डकाव्यमा देखिन्छ। यस काव्यभित्रमा प्रयुक्त अनुष्टुप लगायतका नौओटा छन्दहरूको कुशल संयोजनले कविको भावलाई सहजरूपमा वहन गएको पाइन्छ। दुई अलग अलग विचार भएका पात्रहरूका बीच द्वन्द्व गराई जीवनमा योग र भोग दुवै प्रवृत्तिको आवश्यकता पर्ने हुँदा कुनै एउटाको मात्र निषेधले जीवन अपूर्ण र एकाङ्गी बन्ने हुनाले दुवैको आवश्यकता छ र यी दुवैलाई सँगै लिएर अघि बढेमा मात्र जीवनले सार्थकता पाउँछ भन्ने कुरा यस खण्डकाव्यमा प्रस्तुत गरिएको छ।

**द्वन्द्वविधानको तात्पर्य**

*विश्वामित्र-मेनका* खण्डकाव्यका विविध सन्दर्भमा द्वन्द्वको प्रयोग भएको पाइन्छ। द्वन्द्वकै कारण प्रस्तुत खण्डकाव्य आस्वादनयुक्त र प्रभावकारी बन्न पुगेको छ। पौराणिक सन्दर्भका दुई मुख्य पात्र विश्वामित्र र मेनकाका बीच आन्तरिक तथा बाह्य द्वन्द्वको सृजना भएको छ। कुनै पनि साहित्यिक कृतिमा विचारको प्रस्तुतिका लागि, आफ्नो मान्यतालाई सबल तुल्याउनका लागि द्वन्द्वको प्रयोग गरिन्छ। द्वन्द्वकै कारण काव्यमा कौतूहलता सृजना भई काव्यप्रति पाठकको रुचि तीब्र बन्दै जान्छ। काव्यमा द्वन्द्वको बीजाधान भएदेखि द्वन्द्व समाप्त नहुन्जेल पाठकमा एक किसिमको तनाब, कृतिप्रति लगाब उकुसमुकुस भएर देखापर्छ। द्वन्द्वविहीन काव्यले पाठकलाई तीब्र रूपमा आकर्षित गर्न नसक्ने हुनाले कविताकाव्यमा द्वन्द्वको आयोजना गरिन्छ। कविताकाव्यमा विषयवस्तुलाई प्रभावकारी बनाउन, कथावस्तुलाई जीवन्त तुल्याउन, पाठकलाई पाठप्रति आकर्षित गर्न र पात्रलाई सजीव तथा जीवन्त रूपमा प्रस्तुत गर्नका लागि द्वन्द्वको आयोजना गरिन्छ। काव्यकृतिमा यही द्वन्द्वको प्रयोग के कसरी गरिएको छ, द्वन्द्वका कारण कविको कथ्य अर्थ के कस्तो प्रभावकारी बन्न पुगेको छ भन्ने कुराको निर्क्योल नै द्वन्द्वविधान हो।

**समस्याकथन**

कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यलाई विभिन्न कोणबाट अध्ययन गर्न सकिन्छ। कविताकाव्यलाई सौन्दर्यपूर्ण र आस्वाद्य तुल्याउने अनेक तत्त्व मध्ये द्वन्द्वात्मक सौन्दर्य पनि एक हो। प्रस्तुत खण्डकाव्यलाई द्वन्द्वात्मक सौन्दर्यका आधारमा विश्लेषण गर्दा निम्न लिखित समस्याहरूमा केन्द्रित रही यो लेख तयार पारिएको छ :

(क) *विश्वामित्र-मेनका* खण्डकाव्यमा के कस्तो द्वन्द्वको प्रयोग गरिएको छ ?

**उद्देश्य**

समस्याकथनमा उठाइएको प्राज्ञिक प्रश्नको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो। प्रस्तुत अध्ययनको उद्देश्यलाई तलको बुँदामा समेटिएको छ :

(क) *विश्वामित्र-मेनका* खण्डकाव्यमा के कस्तो द्वन्द्वको प्रयोग गरिएको छ भन्ने कुराको निरूपण गर्नु,

**सीमाङ्कन**

*विश्वामित्र-मेनका* खण्डकाव्यमा कवि घनश्याम कँडेलले के कस्तो द्वन्द्वको प्रयोग के कसरी गरेका छन्, खण्डकाव्यमा प्रयुक्त द्वन्द्वले पात्रहरूको मानसिकता के कस्तो अन्योलग्रस्त बनेको छ र कवि कँडेलले प्रस्तुत खण्डकाव्यमा द्वन्द्वविधान गर्नु प्रयोजन के हो भन्ने कुराको विश्लेषणमा यो अध्ययन सीमित रहेको छ । यस खण्डकाव्यमा प्रयुक्त द्वन्द्वविधानबाहेक काव्यकृतिको सौन्दर्यविधान सम्बन्धी अन्य पक्षका बारेमा अध्ययन गर्न नसक्नु यस अध्ययनको सीमा हो ।

**पूर्वकार्यको समीक्षा**

कवि घनश्याम कँडेलको जीवनी, उनका कविताकाव्य र खण्डकाव्यहरूका सम्बन्धमा पनि विविध कोणबाट व्याख्या विश्लेषण गर्ने काम भइसकेको छ । उनका खण्डकाव्यको विधातात्त्विक दृष्टिकोणबाट विद्यावारिधि स्तरीय अनुसन्धान भए पनि *विश्वामित्र-मेनका* खण्डकाव्यको द्वन्द्वात्मक विश्लेषण भएको पाइँदैन । कवि घनश्याम कँडेलको खण्डकाव्य यात्रा *देवयानी* (२०३९) खण्डकाव्यको रचनासँगै भएको हो । खण्डकाव्य यात्राको यो लामो कालखण्डमा कँडेलका तीन ओटा खण्डकाव्यहरू प्रकाशित भएका छन् । यी तीन खण्डकाव्य मध्ये दोस्रो खण्डकाव्यका रूपमा *विश्वामित्र-मेनका* रहेको छ । उनको पहिलो खण्डकाव्य *देवयानी* र पछिल्लो खण्डकाव्य *धृतराष्ट्र* निकै चर्चामा रहे र यी दुई खण्डकाव्यलाई धेरैले अध्ययनको विषय पनि बनाए तर दोस्रो कृति *विश्वामित्र-मेनका*को विश्लेषणतर्फ अध्येताहरूको ध्यान गएको पाइँदैन । यो कृति द्वन्द्वात्मक रूपले पूर्ण छ । मानवीय जीवनका शाश्वत अनुभूतिहरू योग र भोगबाट सिर्जना हुने शृङ्गार र शान्त रसको द्वन्द्वात्मक प्रकटीकरणका दृष्टिले यो सशक्त खण्डकाव्यका रूपमा रहेकाले यसैलाई प्रस्तुत लेखमा अध्ययनका विषय बनाइएको हो । यो खण्डकाव्य प्रकाशन भएको लामो अवधि नभएकाले यस कृतिका बारेमा धेरै समालोचकहरूले कलम चलाएका छैनन् । यो खण्डकाव्यको प्रकाशन र यसपछि कँडेलका खण्डकाव्यबारेमा जे जति टीकाटिप्पणीहरू आएका छन् तिनैलाई पूर्वकार्यको समीक्षाका रूपमा कालक्रमका आधारमा प्रस्तुत गर्न सकिन्छ :

गोविन्दराज भट्टराईले *देवयानी* खण्डकाव्यको “सबै कथा मानवका पक्षमा मानवीय दृष्टिकोणले काव्यको आवरणमा छ” शीर्षकको भूमिकामा यस खण्डकाव्यमा रहेको विषयवस्तुका साथै अन्य विभिन्न पक्षमा प्रकाश पार्ने काम गरेका छन् । कवि कँडेलले पौराणिक विषयवस्तुलाई पनि नितान्त मौलिक, नवीन र छुट्टै दृष्टिकोणका साथ प्रस्तुत गरेको कुरा उल्लेख गर्दै भट्टराईले भनेका छन् :

> प्रस्तुत काव्यमा पुनर्संरचनात्मक सोच र त्यसको लागि उपयुक्त परिकल्पनाको उपयोग गरिएको छ । तर त्योभन्दा माथि यस कृतिले मानव जीवनलाई दिएको सन्देशले यसलाई अमर राख्नेछ । शान्ति र प्रेमको आह्वान गर्दै काव्य टुङ्गिन्छ । यहाँका पात्र र परिवेशको प्रस्तुतिलाई अनुष्टुप छन्दले बाँधेर सुन्दर कलात्मकता दिएका छन् । ती अनुकुलित छन्, नेपालका नेपाली मनले बुझ्ने लाग्दछन् । काव्योचित शैली, वर्णनको सुललितताले यसलाई उचाइ दिएका छन् । (भट्टराई, २०६७, पृ.७)

यसप्रकार समालोचक भट्टराईले कवि घनश्याम कँडेलका खण्डकाव्यहरूमा के कस्ता विषयवस्तुलाई कुन रूपमा प्रस्तुत गरिएको छ र उनका खण्डकाव्यहरूको शैली के कस्तो रहेको हुन्छ भन्ने सन्दर्भमा आफ्ना विचारहरू प्रस्तुत गरे पनि कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यका प्रयुक्त द्वन्द्वको विश्लेषण गरेका छैनन् र त्यो उद्देश्य पनि उनको देखिँदैन ।

मदनमणि दीक्षितले *विश्वामित्र मेनका* खण्डकाव्यको भूमिका स्वरूप "अकविले कविता पढ्दा" शीर्षकको लेखमा यस खण्डकाव्यको पौराणिक विषयप्रसङ्गको सङ्केतका साथै यस काव्यले बोकेको उदात्त विचारका बारेमा प्रकाश पारेका छन् । यस खण्डकाव्यमा रहेको काव्यात्मक सौन्दर्यको चर्चाका क्रममा दीक्षितले लेखेका छन् :

> यस कृतिमा विश्वामित्र र मेनका यी दुई पात्रका माध्यमद्वारा सौन्दर्यबोध, रसात्मकता, प्रकृतिप्रेम, स्वर्गको निन्दा नगरीकन नै पृथिवीको अद्‌भुत आकर्षक, यसका वनस्पति, हरियाली, पृथिवीका पशुहरूका बीचको गरिमा र विशिष्टता आदिका समष्टिबारे व्यक्त गरिएको लेखकीय अनुभूतिले पाठकलाई मोहको अवस्थामा पुऱ्याउँछन् । (दीक्षित, २०६७, पृ. अकविले कविता पढ्दा)

मदनमणि दीक्षितको विश्लेषण *विश्वामित्र मेनका* खण्डकाव्यको सौन्दर्य र गरिमासँग मात्र सम्बन्धित देखिन्छ । यस खण्डकाव्यमा के कस्तो गरिमापूर्ण विषयवस्तुलाई कुन रूपमा प्रस्तुत गरिएको छ भन्ने कुराको वर्णनमा केन्द्रित यस विश्लेषणमा द्वन्द्वका सन्दर्भमा चर्चा गरिएको छैन र सो उद्‌देश्य पनि दीक्षितको देखिँदैन ।

नरहरि आचार्यले *विश्वामित्र मेनका* खण्डकाव्यको भूमिका स्वरूप "विश्वासका बिरुवाहरू" शीर्षकको लेखमा पौराणिक विषयवस्तु र त्यसको कठोरतालाई कवि कँडेलले सरल र आकर्षक बनाएका छन् भन्ने कुरा प्रस्तुत गर्दै कँडेलको यस खण्डकाव्यको कला र छन्द प्रयोगबारे भनेका छन् :

> कवि घनश्यामको काव्यात्मक सीप अत्यन्त आकर्षक र मनोरम छ । त्यसमाथि शास्त्रीय वर्णमात्रिक छन्दमाथि उनको साधिकार पहुँच देखिन्छ । नौ प्रकारका छन्दहरूको प्रयोगले मात्र होइन प्रसङ्गअनुसार छन्द परिवर्तनको कुशलताले पनि प्रस्तुत काव्यमा कविको शैलीसौन्दर्यलाई देखाएको छ । (आचार्य, २०६७, पृ. विश्वासका बिरुवाहरू)

नरहरि आचार्यको प्रस्तुत विश्लेषण खण्डकाव्यकार कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यको शैली तथा छन्द प्रयोमा मात्र सीमित देखिन्छ । यस विश्लेषणमा कँडेलका खण्डकाव्यहरूमा के कस्तो द्वन्द्वको प्रयोग गरिएको पाइन्छ र द्वन्द्व प्रयोगका कारण कविको कथ्यअर्थमा के कस्तो प्रभावकारिता उत्पन्न भएको छ भन्ने कुराको विश्लेषण गरिएको छैन र सो उद्‌देश्य पनि आचार्यको देखिँदैन ।

कवि घनश्याम कँडेलले *विश्वामित्र-मेनका* खण्डकाव्यमा रहेको लेखकीय अभिव्यक्ति आत्मनिवेदनमा व्यक्ति सर्वदा राग र विरागबाट मुक्त हुन नसक्ने विचार प्रस्तुत गर्ने क्रममा जीवनले अतिवादमा होइन, समन्वय र सन्तुलनमा पूर्णता पाउने कुरा उल्लेख गर्दै प्रेम योगमय र योग प्रेममय बनेमा मात्र जीवनले पूर्णता पाउने कुरा उल्लेख गरेका छन् । (२०७३, पृ.आत्मनिवेदन)

माधवप्रसाद पोखरेलले कवि कँडेलको पछिल्लो कृति *धृतराष्ट्र* खण्डकाव्यको भूमिका स्वरूप "धृतराष्टमा घनश्याम कँडेलको कवित्व" शीर्षकमा कवि कँडेलले महाभारतीय मिथकको प्रयोग गरी उनले *देवयानी, विश्वामित्र मेनका* र *धृतराष्ट्र* खण्डकाव्यको निर्माण गरेका छन् भन्ने कुरा उल्लेख गरेका छन् (२०७३, पृ.ख) ।

रामप्रसाद ज्ञवालीले कवि कँडेलको यो पछिल्लो कृति उनकै आफ्ना खण्डकाव्यहरूसँगको प्रतिस्पर्धामा आएको रचना भएको कुरा उल्लेख गर्दै उनका सबै खण्डकाव्यहरू सुसङ्गठित रूपमा अविच्छिन्न धाराप्रवाहमा अघि बढेका हुन्छन् भन्ने कुरा उल्लेख गरेका छन् । (२०७३, पृ.६७)

सुभाषचन्द्र न्यौपानेले कवि घनश्याम कँडेलको पछिल्लो कृति *धृतराष्ट्र* खण्डकाव्यको अभिघातीय विश्लेषण गरेका छन् । उनले यस खण्डकाव्यको प्रमुख पात्र धृतराष्ट्र के कस्ता अभिघातीय पीडा सहेर बाँच्न विवश छन् भन्ने कुरालाई आफ्नो विश्लेषणमा प्रस्तुत गरेका छन् । (२०७५, पृ.४५)

यी माथिका यी पूर्वकार्यहरू कुनै न कुनै रूपमा खण्डकाव्यकार घनश्याका कँडेलका खण्डकाव्यसँग सम्बन्धित छन् । यी माथिका कुनै पनि टिप्पणीमा कवि कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यको द्वन्द्वका पक्षमा चर्चा गरिएको छैन । द्वन्द्व कविताकाव्यको प्रमुख पक्ष हो । द्वन्द्वकै कारण काव्यकृतिको कथावस्तु जीवन्त र सशक्त बनेको हुन्छ । त्यसैले प्रस्तुत अध्ययमा काव्यकृतिको आकर्षण र कौतूलकका रूपमा रहेको द्वन्द्वको अवस्था के कस्तो रहेको छ भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ ।

## शोधको औचित्य र महत्त्व

कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यमा द्वन्द्वविधानको खोज गरी उनको यस कृतिमा के कस्तो द्वन्द्व प्रयोग भएको छ भन्ने कुराको विश्लेषण गरिने भएकाले यस अध्ययनको औचित्य रहेको देखिन्छ । कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यमा प्रयुक्त द्वन्द्वात्मक अभिव्यक्रिका सन्दर्भमा खासै चर्चा गरिएको पाइँदैन । कँडेलको यस खण्डकाव्यका सन्दर्भमा गरिएका टिप्पणीहरूमा उनले यस खण्डकाव्यमा के कस्ता विषयवस्तुको प्रयोग गरेका छन् र यस खण्डकाव्यको शैलीशिल्प के कस्तो रहेको छ भन्ने विषयमा मात्र चर्चा गरिएको छ । कविताकाव्यलाई भावपूर्ण र आस्वाद्य बनाउने महत्त्वपूर्ण पक्ष भनेको द्वन्द्व हो । कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यमा के कस्तो द्वन्द्वको प्रयोग कसरी गरिएको छ, द्वन्द्वात्मक अभिव्यक्तिका दृष्टिले घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्य के कस्तो रहेको छभन्ने विषयमा यस अनुसन्धानले ठोस र आधिकारिक जानकारी दिने हुनाले यस अध्ययनको औचित्य रहेको छ भन्ने कुरा स्वतः सिद्ध हुन्छ ।

## शोधविधि तथा सामग्री

### सामग्री सङ्कलन विधि

प्रस्तुत शोधसमस्याको समाधनाका लागि कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यलाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ भने कँडेलको यस खण्डकाव्यका पक्षमा प्रकाश पारी लेखिएका यसभन्दा अगाडि नै प्रकाशित भइसकेका पुस्तक, पत्रपत्रिका, अनुसन्धान प्रतिवेदन, शोधप्रबन्ध आदिलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । मूलरूपमा प्रस्तुत अध्ययनका लागि पुस्तकालयमा प्राप्त सामग्रीहरूको अध्ययन गरी पुस्तकालयीय विधिका आधारमा सामग्री सङ्कलन गरिएको छ ।

### विश्लेषण विधि

प्रस्तुत लेखलाई व्यवस्थित एवम् वस्तुगतरूपमा अगाडि बढाउनका लागि निगमनात्मक विधिको प्रयोग गरिएको छ । घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यलाई आधार बनाएर उनको यस खण्डकाव्यको द्वन्द्वात्मक विश्लेषण गरिएको छ । कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यलाई वर्णनात्मक रूपमा विश्लेषण गर्दै व्याख्यात्मक वा विश्लेषणात्मक विधिको समेत प्रयोग गरी अन्त्यमा अर्थापन विधिद्वारा प्रस्तुत लेखलाई पूर्णता दिइएको छ ।

## परिणाम तथा छलफल

### द्वन्द्वको चिनारी

दुई परस्पर विरोधी विचारका बीचको सङ्घर्षलाई द्वन्द्व भनिन्छ । द्वन्द्वविना कविताकाव्यको सृजना भए पनि त्यस्ता कृति खासै प्रभावकारी मानिँदैनन् । काव्यकृतिमा जीवनका गम्भीर परिस्थिति, आपसी शक्ति, परम्परागत मूल्य र मान्यता द्वन्द्वकै माध्यमबाट अभिव्यक्त हुन्छन् । व्यक्ति जीवनका सापेक्षतामा देखा पर्ने प्रेम,

दया, माया, करुणा, हार्दिकता, उपकार, कुत्सित भावना, घृणा, षड्यन्त्र, हिंसा जस्ता विविध प्रवृत्तिहरू द्वन्द्वकै माध्यमबाट प्रकट भएका हुन्छन् (न्यौपाने, २०६९, पृ.१८) । समाजमा विद्यमान परम्परागत मूल्य मान्यता र नवीन मूल्य मान्यताहरूका बीच, लैङ्गिक आवश्यकता र त्यागका बीच, दुई वर्गका बीच, दुई जातिका बीच, विपरीत धर्मका बीच, अलग अलग मूल्य मान्यता र जीवन दर्शनका बीच विपरीत चिन्तन देखापर्छ, जसबाट द्वन्द्वको सृजना हुन्छ ।

व्यक्ति, समाज, विचार, चिन्तन आदिका बीच देखापर्ने द्वन्द्वको स्वरूप आन्तरिक र बाह्य प्रकृतिको हुन्छ । दुई अलग अलग विचारका बीचमा भौतिक रूपमा युद्ध, संवाद, वादविवाद आदिमा देखा पर्ने द्वन्द्व बाह्य द्वन्द्व हो भने व्यक्तिको मनभित्र उत्पन्न दुई अलग अलग विचारका बीचको तनाब आन्तरिक द्वन्द्व हो । साहित्यका विविध विधाहरू मध्ये आख्यान र नाटकमा बाह्य द्वन्द्वका साथै आन्तरिक द्वन्द्वको पनि प्रयोग भएको पाइन्छ तर कविताकाव्यमा भने आन्तरिक द्वन्द्व नै प्रबल रूपमा रहेको हुन्छ । द्वन्द्वले कविताकाव्यमा प्रयुक्त पात्रको चारित्रिक विशेषता थाहा पाउन सकिन्छ भने द्वन्द्वकै कारण पात्र जीवन्त र चलायमान हुन्छन् । द्वन्द्वले कथावस्तुलाई कौतूहलपूर्ण तुल्याउँछ भने कविताकाव्यलाई विचारोत्तेजकसमेत बनाउँछ । तसर्थ द्वन्द्वलाई कविताकाव्यको अनिवार्य तत्त्वका रूपमा व्याख्या नगरिएको भए पनि यो काव्यकृतिलाई सशक्त र जीवन्त बनाउने प्रमुख अङ्गका रूपमा रहेको पाइन्छ ।

**विश्वामित्र मेनका खण्डकाव्यमा प्रयुक्त द्वन्द्व**

खण्डकाव्यकार घनश्याम कँडेलको वि.सं. २०६६ सालमा प्रकाशित *विश्वामित्र-मेनका* द्वन्द्वयुक्त खण्डकाव्य हो । यस खण्डकाव्यमा खासगरी शान्त रस र शृङ्गार रसको परिष्कृत द्वन्द्व रहेको छ । शान्त रसको प्रतिनिधित्व गर्ने पात्र विश्वामित्र र शृङ्गार रसको प्रतिनिधित्व गर्ने पात्र मेनकाका बीचको द्वन्द्व नै यस खण्डकाव्यको प्रमुख द्वन्द्व हो । यी दुवै पात्रका बीच बाह्य द्वन्द्वका साथै आन्तरिक द्वन्द्व पनि प्रबल रूपमा रहेको छ । जम्मा सात सर्ग र चार सय श्लोकयुक्त संरचनामा तयार भएको यस खण्डकाव्यमा पहिलो सर्गदेखि नै द्वन्द्वको बीजाधान भएको छ । खण्डकाव्यको प्रारम्भिक अवस्थाको द्वन्द्वभन्दा उत्तरार्धमा देखा परेको द्वन्द्व निकै प्रभावकारी रहेको छ । बाह्य द्वन्द्व नायक नायिकाको वार्तालापमा सामान्य रूपमा प्रकट भएको छ भने आन्तरिक द्वन्द्व पात्रहरूका मानसिक छट्पटी, विपरीत चिन्तका बीचको अनिर्णय आदिका रूपमा प्रकट भएको छ । यस खण्डकाव्यका प्रमुख पात्र विश्वामित्र, मेनका र कविमा अन्तनिर्हित द्वन्द्वको अवस्थालाई यसप्रकार निरूपण गर्न सकिन्छ ।

***विश्वामित्रमा निहित अन्तर्द्वन्द्व***

*विश्वामित्र-मेनका* खण्डकाव्यका प्रमुख पात्र तथा नायक विश्वामित्रको चरित्र द्वन्द्वमय बनेको देखिन्छ । क्षत्रिय वंशमा उत्पन्न गाधिपुत्र विश्वामित्रले राजा भएर सर्वोच्च शासकका रूपमा शासन गरे पनि त्यसबाट सन्तुष्ट बन्न नसकी वनविहारमा लागेका छन् । वनविहारमा गएका बेला ऋषि वशिष्टको गोठमा बाँधिएकी नन्दिनी गाई प्राप्त गर्न गरेको याचना असफल भएपछि उनी तिनै ऋषिसँग प्रतिस्पर्धा गर्ने अठोटमा पुग्छन् तर ऋषि वशिष्टसँग प्रतिस्पर्धा गर्न सक्छु कि सक्दिन भन्दै उनी द्वन्द्वमय बनेका छन् । राज्य व्यवस्थाबाट सारा सुख प्राप्त गरे पनि मानसिक रूपमा किन सुख प्राप्त गर्न सकिन भन्दै उनी अन्तर्द्वन्द्वमा रुमल्लिएका छन् । आफ्नो कठोर तपस्याबाट पूर्ण बनी ऋषि वशिष्टको भन्दा बढी सम्मान हासिल गरे पनि आफ्नै मनलाई वशमा पार्न नसक्दा र अर्काको प्रगतिमा रमाउन नसकेकोमा उनको मानसिकता तनाबयुक्त बन्न पुगेको छ ।

एकान्त वनमा लामो समयसम्म तपस्यामा रही मनलाई एकाग्र र विकारमुक्त बनाइसकेका ऋषि विश्वामित्र मेनकाको आगमन र उनको दर्शन मात्रले विचलित बन्न पुगेका छन् । आफ्ना आँखा बन्द भए पनि मेनकाको सुमधुर स्वरप्रति आकृष्ट भएका ऋषि आफू संयमित हुन नसकेर द्वन्द्वमय बन्न पुगेको कुरा यसरी प्रस्तुत गर्छन् :

नसुनु मन मान्दैन सुनूँ झन् बढ्छ व्यग्रता
एक्कासी आइलाग्यो यो कस्तो अचिन्त्य आपदा ।
अठ्याऊँ कसरी मेरो फुत्केको मनलाइ म
सिकाऊँ कसरी फेरी यसलाइ म संयम । (पृ.४४)

तपस्यारत अवस्थामा पनि मन एकाग्र बन्न नसकेर ऋषि विचलित बनेका छन् । एकान्त वनमा रमणीका गलाबाट निस्किएको स्वर नसुनूँ मन मान्दैन, सुनूँ मनमा झन व्यग्रता बढ्छ । एक्कासी यो कस्तो नसोचेको आपद् आइलाग्यो । यस मनलाई कसरी म अठ्याएर संयम सिकाऊँ भनी ऋषि एक्लै मानसिक तनाबमा रुमल्लिएका छन् । तपस्वी भएर पनि मनलाई संयमित गर्न नसकेकोमा उनको अन्तर मन बढी विचलित बनेको छ । मनलाई नियन्त्रण गर्न नसकी मेनकाप्रति आकर्षित हुँदै उनको नजिक गएका ऋषि मेनकाको छेउमा पुगेर झन अन्योलग्रस्त बनेका छन् । मेनकाको रूपलाई हेर्दै त्यो रूप बिजुली चम्किएर निस्किएको चमक हो कि, त्यो स्वरूपबाट निस्किएको आवाज गीतको सङ्गीत युक्त राग हो कि, ती रूपसीको शरीर चुम्बकले पो बनेको छ कि, किन आफ्नो मन यसरी अधीर भइरहेछ, आफू किन यिनीतिर यसरी आकर्षित हुँदै छु भनेर विश्वामित्र असन्तुलित बनेका छन् । मेनकासँगको संवादका क्रममा उनी आफूतिर आकर्षित हुँदै गएकी तथा आफू पनि क्रमशः उनकै रूप सौन्दर्यमा मोहित बन्न पुगेको कुरा प्रकट गर्दै ऋषि भन्छन् :

लागेथ्यो अबला आयौ खोज्दै सहायता यता
हौ क्यारे तर आएकी बनेर तिमी आपदा ।
सोझी ठाने तिमीलाई रहेछ कि त त्यो भ्रम
कि तिम्रो स्वाँग हो खालि देखिने त्यो सिधापन । (पृ.५१)

एकान्त वनमा असहाय बनेर सहायता खोज्दै आएकी हौ कि भन्ने ठानेको थिएँ तर तिमी त आपत् बनेर आएकी पो हौ कि, मैले तिमीलाई सोझी ठानेको थिएँ तर त्यो मेरो भ्रम मात्र थियो कि, तिम्रो यो सिधापन स्वाँग मात्र हो कि भन्दै मेनकालाई चिन्न नसकेर विश्वामित्र द्विविधाग्रस्त बनेका छन् । सांसारिक विषयवासनाबाट आफूलाई मुक्त गरिसकें, मेरालागि अब दिन, रात, सुख, दुःख आदिमा कुनै भेद छैन, संसार सर्वत्र एकाकार भइसक्यो भन्ने मानसिकतामा पुगेका ऋषिका सामु आफ्नै मनलाई नियन्त्रण गर्न नसक्दा द्वन्द्वको अवस्था सृजना भएको छ । एकातिर आफूलाई जितेन्द्रिय ठान्ने तर एउटी रूपसीको हाउभाउमा नै तानिने प्रवृत्ति विश्वामित्रले देखाएका छन् । त्यसैले विश्वामित्रले संसारलाई जिते पनि आफ्नै मनलाई जित्न सकेका छैनन् । उनीभित्र आफूलाई संयमित गर्नुपर्छ, तपस्याबाट आफूलाई विचलित गराउनु हुँदैन भन्ने एउटा भावना प्रबल रूपमा रहेको छ भने त्यही संयमी मन मेनकाको आगमनसँगै अधैर्य बनेको छ । असन्तुलित बनेको छ र उनको तपस्वी व्यक्तित्व विस्तारै मेनकाको रूप सौन्दर्यको ज्वालामा होमिन तयार भएको छ । तिनै कारणहरूले गर्दा विश्वामित्र द्वन्द्वगत चरित्र हुन् भन्ने कुरा प्रमाणित हुन्छ । उनले खण्डकाव्यको आदिदेखि अन्त्यसम्म नै द्वन्द्वमय जीवन व्यतीत गरेका र मेनकाको प्राप्तिपछि पनि उनको मन द्वन्द्वमुक्त हुन सकेको छैन । आफू को हूँ र किन मेनकाको रूप सौन्दर्यको

ज्वालामा होमिएँ भन्ने कुरासमेत भुल्न पुगेका ऋषि विश्वामित्रको कोणबाट हेर्दा यो खण्डकाव्य पूर्ण द्वन्द्वमय बनेको छ ।

### *मेनकामा निहित अर्न्तद्वन्द्व*

मेनका *विश्वामित्र-मेनका* खण्डकाव्यकी प्रमुख नारी चरित्र तथा नायिका हन् । खण्डकाव्यको दोस्रो सर्गदेखि अन्तिमसम्म उपस्थित मेनकामा यस धर्तीको अलौकिक सौन्दर्य देखेर द्वन्द्वको सृजना भएको छ भने ऋषि विश्वामित्रलाई उनको तपस्याबाट विचलित गराई कामवासनामा प्रवृत्त गराउन सक्छु कि सक्दिन भन्ने कुरामा अन्योल देखिएकाले द्वन्द्वको सृजना भएको छ । विश्वामित्रको कठोर तपस्याबाट डरले विचलित बनेका स्वर्गका राजा इन्द्रले उनको तपस्या भङ्ग गराउन स्वर्गबाट धर्तीमा पठाइएकी मेनका धर्तीमा अवतरण गर्नासाथ द्विविधाग्रस्त बनेकी छन् । स्वर्ग अलौकिक आनन्दको भण्डार हो, स्वर्गभन्दा सुखकर र आनन्दमय जीवन अन्य लोकमा बाँच्न पाइँदैन भन्ने मान्यतामा बाँचेकी मेनका यस धर्तीको अनुपम सौन्दर्य देखेर द्वन्द्वमय बनेकी छन् । स्वर्ग सुन्दर हो कि धर्ती, इन्द्रले मलाई सजाय दिएका हुन् कि मुक्ति ?त्यो कुरा जान्न नसकेर उनको मानसिकता द्वन्द्वमय बनेको छ । यस धर्तीको अनुपम सौन्दर्य छटा देखेर आफूलाई के गरौं र कसो गरौं भन्ने कुरामा द्विविधा भएको कुरा प्रस्तुत गर्दै मेनका भन्छिन् :

अचम्मको यो अनुभूति आज भो
एक्कासि जम्मै जिउ नै सिरिङ्ग भो
अज्ञात यो काउकुती जिउभरी
हाँसूँ रमाएर कि रोऊँ बेसरी ।
उडूँ कि हावासित आज मै पनि
बगूँ कि पानीसरि पातली बनी
कि गीत गाऊँ गिरिनिर्झरीसित
कि मीत लाऊँ वनकी चरीसित ।
नाचूँ कि एक्लै अब चौरमा यहाँ
चढूँ कि अग्ला हिमका गजूरमा
हेरूँ कि सारा गिरिकन्दराहरू
के भो मलाई अब लौ न के गरूँ । पृ.२७)

मेनकामा यस धर्तीको अनुपम सौन्दर्य देखेर हाँसू वा रोऊँ, हावासित उडूँ वा पानीसित बगूँ, निर्झरीसित गीत गाऊँ वा चरीसित मित लाऊँ, एक्लै नाचूँ वा अग्ला हिमालमा गजुरमा चढूँ, गिरिकन्दरालाई किनारमा बसेर हेरूँ वा के कसो गरूँ भएको छ । मेनकामा देखा परेको यो द्वन्द्व तीव्र द्वन्द्व नभएर आश्चर्य लाग्दा वस्तु देखेर मनमा हुने एक किसिमको द्विविधा मात्र हो । अतिप्रसन्न भएको अवस्थामा व्यक्तिमा के गरौं र कसो गरौं भन्ने छट्पटी हुन्छ । यही छट्पटी मेनकाका मनमा उत्पन्न भएकाले यसलाई द्वन्द्वका रूपमा चित्रण गरिएको हो ।

ऋषि विश्वामित्रको कठोर तपस्या देखेर यिनको तपस्यालाई विचलित गर्न सकिन्छ कि सकिँदैन भन्ने सन्दर्भमा मेनकामा तीव्र द्वन्द्व उत्पन्न भएको छ । राजर्षि बनिसकेका यी ऋषि के कारणले यसरी कठोर तपस्यामा बसे होलान्, सारा साधन सम्पन्न यस धर्तीमा यिनलाई के कुराको लालसा जाग्यो होला, स्वर्ग सबैका लागि आकर्षणको केन्द्र बनेको छ, त्यही स्वर्ग प्राप्तिका लागि पो यिनी तपस्यामा बसेका हुन् कि, क्षत्रिय पुत्र हुनाले सुरसाम्राज्यको ईर्ष्याले यसरी तपस्यारत भएका हुन् कि, यिनको कठोर तपस्यालाई कसरी भङ्ग गरौं, यो

तपस्याबाट यिनलाई विचलित गर्न सकिन्छ कि सकिँदैन भन्ने मानसिक अन्तर्द्वन्द्वमा मेनका विचलित बनेकी छन् । आँखा बन्द गरेर एकान्त स्थलमा पाषाण मूर्ति जस्तै बनेका ऋषिको तपस्या भङ्ग गरी आफ्नो मनोदशा यिनका साम् कसरी प्रकट गरूँ भन्दै मेनकाले प्रकट गरेका निम्नलिखित अभिव्यक्तिरूमा द्वन्द्वको प्रबलता भेटिन्छ :

सीमा नाघूँ रिसाहा छन् ऋषि यी झन् रिसाउलान
ननाघूँ कसरी मेरो हाल यो चाल पाउलान् ।
के के गरूँ के गरूँ कस्तो अलमल्ल परेँ म नै ।
छ कि यो मनको द्वार बन्द नै नेत्र द्वार झैं । पृ.३९/४०

बारिही आँखा बन्द भए झैं यिनको मनको द्वार पनि बन्द नै पो छ कि, यिनको मनको द्वार खोल्न म के गरूँ, सीमा नाघूँ भने यी बडा रिसाहा छन्, श्राप दिने पो हुन् कि, सीमा ननाघूँ भने मेरो यो हाल भइसकेको छ, यिनले कसरी थाहा पाउलान् भनी मेनकाको अन्तर्द्वन्द्व अन्योलग्रस्त बनेको छ । जसरी भए पनि ऋषिको ध्यान भङ्ग गरेर आफ्नो कामेच्छा शान्त पार्ने मेनकाको तीव्र आकांक्षामा ऋषिको मौनताले द्वन्द्वमय बनाएको छ । विश्वामित्रको तपस्या भङ्ग गर्न सक्छु कि सक्दिन, यिनीबाट मेरा मनोकामनाहरू पूरा गर्न सक्छु कि सक्दिन भन्ने द्वन्द्वमा रुमल्लिए पनि खण्डकाव्यको अन्त्यमा मेनका विश्वामित्रको तपस्या भङ्ग गर्न सफल भएकी छन् र उनको मनोकांक्षा पूर्ण भएको छ । तसर्थ मेनकाका दृष्टिबाट हेर्दा यो खण्डकाव्यमा पूर्ण द्वन्द्वमय बनेको देखिन्छ । विश्वामित्रको प्राप्तिपछि भने मेनकाको अन्तर्द्वन्द्व पूर्ण रूपमा समाप्त भएको छ ।

***कविमा निहित अन्तर्द्वन्द्व***

*विश्वामित्र-मेनका* खण्डकाव्यमा कविले स्रष्टा र द्रष्टा बनेर खण्डकाव्यको कथावस्तुलाई गति प्रदान गरेका छन् । ऋषि विश्वामित्र र मेनकाको चरित्र चित्रणमा कवि द्रष्टा बनेर उनीहरूको चरित्र उद्घाटन गरिरहेका छन् । खासगरी मेनकाको आगमन र ऋषि विश्वामित्रको तपोभङ्ग अवस्थामा कवि द्वन्द्वमय बनेका छन् । अप्सरा मेनकाको स्वर्गदेखि धर्तीसम्मको आमगनलाई आश्चर्य चकित रूपमा हेर्दै अचानक आकाश मार्गमा के चम्कियो, कुन ज्योति आयो, व्योमबाट स्वयम् नक्षत्र ओर्लिएर आएको पो हो कि, यो झर्दै गरेको ज्योति सौदाामिनी हो कि, यो ज्योति कुनै टुनामा परेकी नारी पो हो कि, ज्योतिको पिण्ड पग्लिएर वा अग्निको ज्वालाबाट बनेकी बाला पो हो कि भन्ने कुरा किटान गर्न नसकेर कवि अन्योलग्रस्त भएका छन् । मेनकाको आगमनलाई आश्चर्य चकित रूपमा लिँदै कवि भन्छन् :

यो सृष्टिको नै सब भ्रान्ति हो कि
देखिन्छ नाचेसरि रूप ज्योति
ओर्लिन् धरामा कि त अप्सरा नै
उल्लासको प्यास लिएर आफैं । (पृ.१४)

मेनकाको आगमनलाई हेरिरहेका कवि यो सृष्टिको भूल हो कि के हो, यस धर्तीमा रूपको ज्योति नाचे जस्तो देखिन्छ । यस धरामा उल्लासको प्यास लिएर अप्सरा नै ओर्लिएकी हुन् कि, यो झर्दै गरेको ज्योति के हो भन्ने कुरा किटान गर्न नसकेर कवि द्वन्द्वमय बनेका छन् ।

यो संसार सबै भ्रम हो । आफूलाई चिनेपछि संसारको भ्रमबाट मुक्त भइन्छ भन्ने ऋषि विश्वामित्र मेनकाको वासना रूपी प्रेम बन्धनमा आकर्षित भइरहेको देखेर कवि भन्छन् :

भन्थे जे छ मभित्र नै जगत यो हो खालि यौटा भ्रम
जो सक्छन् भ्रमलाई चिर्न सहजै बाँच्छन् सही जीवन

के भो आज स्वयम् महर्षि किन हो छन् जिल्ल आफैँ पनि
भाग्दै छन् भ्रमतर्फ नै किन यिनी मोहान्ध जस्तै बनी । (पृ.४२)

यो संसार खाली एउटा भ्रम हो । जे छ आफूभित्रै छ । जसले भ्रमको जालोलाई चिर्न सक्छ, उसले मात्र सही जीवन बाँच्न सक्छ भन्ने ऋषि किन आज स्वयम् कसैको रूपमा जिल्ल परेका छन् र मोहान्ध जस्तै बनेर भ्रमतर्फ नै भाग्दै छन् त्यो कुरा जान्न नसकेर कवि द्वन्द्वमय बनेका छन् । जसले संसार बुझेको थियो, जो संसारलाई एउटा भ्रम मात्र मान्थ्यो, त्यही तत्त्वज्ञानी आज कसरी भ्रमको जालमा पर्‍यो त्यही कुरा किटान गर्न नसकेर कवि द्वन्द्वमय बनेका छन् ।

महर्षिहरूको साध्य नै संयम हुन्छ भन्ने सुन्दै आएका कवि ती कठोर हृदय भएका र दृढ प्रतिज्ञ ऋषि विश्वामित्र सुरसुन्दरीको तापले पग्लिएको देखेर आश्चर्य चकित हुँदै आफू द्वन्द्वमय बनेको विचार यसरी अभिव्यक्त गर्छन् :

सुन्थेँ जीवनमा महर्षिहरूको थ्यो साध्य नै संयम
बाँध्थे संयमले सधैँ मन कतै सक्दैन थ्यो फुत्किन
झन् ती कौशिक थे प्रचण्ड जसको चट्टानको थ्यो मन
पग्ले ती सुरसुन्दरी वदनको त्यो तापले नै किन ? (पृ.६७)

जीवनमा महर्षिहरूको साध्य नै संयम हुन्छ । त्यही संयमले उनीहरू मनलाई बाँधेर राख्थे र त्यो मन कसै गरे पनि फुत्किन सक्दैन थ्यो । झन यी विश्वामित्रको मन त चट्टान जस्तो कठोर थियो । यी कौशिक संयमित प्रचण्ड तपशक्ति भएका ऋषि थिए । यिनी ती सुरसुन्दरीको वदनको तापले किन र कसरी पग्लिए यो कुरा जान्न नसकेर कवि अन्योलग्रस्त बनेका छन् । यसर्थ कविका मनमा विविध सन्दर्भमा अन्योलता रहेकाले *विश्वामित्र-मेनका* द्वन्द्वमय खण्डकाव्य हो भन्ने कुरा पुष्टि हुन्छ ।

**निष्कर्ष**

कवि घनश्याम कँडेलको पौराणिक विषयवस्तुमा आधारित *विश्वामित्र-मेनका* द्वन्द्वप्रधान खण्डकाव्य हो । यस खण्डकाव्यमा खासगरी योग र भोगको द्वन्द्वले उत्कर्षता प्राप्त गरेको छ । योगको प्रतिनिधित्व गर्ने पात्र ऋषि विश्वामित्र र भोगको प्रतिनिधित्व गर्ने पात्र मेनकाका बीच प्रबल द्वन्द्व गराई अन्त्यमा भोगको जित र योगको हार गराइएको छ । यस खण्डकाव्यमा योगको हार र भोगको जित गराइएको भए पनि योग र भोगको सन्तुलनमा नै जीवनले सार्थकता प्राप्त गर्दछ, योग र भोग जीवनका अभिन्न अङ्ग हुन्, यी दुईमध्ये कुनै पनि एकको त्यागले जीवन सार्थक बन्न सक्दैन, योगमा भोग र भोगमा योगलाई मिलाएर सन्तुलित रूपमा अघि बढेमा मात्र जीवनले पूर्णता प्राप्त गर्छ र त्यो जीवन मात्र सार्थक बन्छ भन्ने जीवनवादी, कर्मवादी सन्देश यस खण्डकाव्यले प्रस्तुत गरेको छ ।

**सन्दर्भसामग्री**


आचार्य, नरहरि (२०६७). विश्वासका विरुवाहरू. भित्र घनश्याम कँडेल (ले.). *विश्वामित्र-मेनका.* सुभद्रा कँडेल.

कँडेल, घनश्याम (२०६६). *विश्वामित्र-मेनका,* सुभद्रा कँडेल.

कँडेल, घनश्याम (२०७३). आत्मनिदेदन. भित्र घनश्याम कँडेल (ले.). *विश्वामित्र-मेनका.* सुभद्रा कँडेल.

ज्ञवाली, रामप्रसाद (२०७३). कवि घनश्याम कँडेल र धृतराष्ट्र. भित्र घनश्याम कँडेल, (ले.). *धृतराष्ट.* ऐरावती प्रकाशन. पृ (६०-९६).

दीक्षित, मदनमणि (२०६७). अकविले कविता पढ्दा. भित्र घनश्याम कँडेल. (ले.). *विश्वामित्र-मेनका.* सुभद्रा कँडेल.

न्यौपाने, दीपकप्रसाद (२०६०). घनश्याम उपाध्याय कँडेलको जीवनी. व्यक्तित्व र कृतित्वको अध्ययन. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर.

न्यौपाने, सुभाषचन्द्र (२०६९). *नेपाली नाटक र चलचित्र सिद्धान्त.* एन.बि.डि. प्रकाशन.

न्यौपाने, सुभाषचन्द्र (२०७५). धृतराष्ट खण्डकाव्यमा अभिघातीय चेतना. *ज्ञानदीप. ५*(३). पृ.३५-४६.

पोखरेल, माधव (२०७३). धृतराष्ट्रमा घनश्याम कँडेलको व्यक्तित्व. भित्र घनश्याम कँडेल. (ले.). *धृतराष्ट्र.* ऐरावती प्रकाशन प्रा.लि.

भट्टराई, गोविन्दराज (२०६७). सबै कथा मानवका पक्षमा मानवीय दृष्किोणले काव्यको आवरणमा छ, भित्र घनश्याम कँडेल (ले.). *विश्वामित्र-मेनका,* सुभद्रा कँडेल.